


## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको

# सुशासन वार्षिक प्रतिवेदन

(सुशासन ऐन, २०६४ को दफा ४१ अनुसार प्रस्तुत आ.व. ०७१/७२ को प्रगति विवरण)



प्रस्तुत कर्ता

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

**सुशासन प्रवर्द्धन शाखा**

सिंहदरबार, काठमाडौं

श्रावण २०७२

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको

# वार्षिक प्रतिवेदन

(सुशासन ऐन, २०६४ को दफा ४१ अनुसार प्रस्तुत आ.व. ०७१/७२ को प्रगति विवरण)

# (सुशासन वार्षिक प्रतिवेदन)

प्रस्तुत कर्ता

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको**

**सुशासन प्रवर्द्धन शाखा,**

सिंहदरबार, काठमाडौं

**श्रावण २०७२**

# विषयसूची


१) सोच (Vision) ....................................................................१

२) लक्ष्य (Mission) ..............................................................१

३) उद्देश्य (Objectives) .........................................................१

४) नीति तथा रणनीतिहरु (Strategies) ...........................................२

५) कार्यनीतिहरु (Working Strategies) .........................................३

६) मन्त्रालयको कार्यक्षेत्र ..........................................................४

७) मन्त्रालयको कार्यक्षेत्रमा समावेश गर्नुपर्ने विषयहरु .........................५

८) प्रमुख उपलव्धिहरु ..................................................................८

९) आ.व. २०७१ र ०७२ को प्रमुख क्षेत्रगत उपलव्धिहरु..........................११

१०) अनुभूत गरिएका प्रमुख समस्या र चुनौतीहरु ...................................१६

११) समाधानका लागि चालिनु पर्ने कदमहरु .........................................१७

१२) कार्यक्षेत्रसँग सम्बद्ध Thematic Area को अनुसन्धानको विवरण........१९

१३) मन्त्रालयको भावी कार्यदिशा .....................................................१९

# सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ४१ अनुसार तयार गरिएको आ.व.०७१ र ७२ को प्रतिवेदन

१) **Vision (सोच):** लोकतान्त्रिक मूल्य मान्यतामा आधारित स्थानीय स्वायत्त शासनको माध्यम द्वारा जनताको जीवनस्तरमा सुधार गर्नु ।

२) **Mission (लक्ष्य):** स्थानीय सुशासनको संस्थागतिकरण, स्थानीय सेवा प्रवाहमा सुधार, दीगो र गुणस्तरीय आर्थिक सामाजिक तथा स्थानीय पूर्वाधार विकास ।

३) **Objectives (उद्देश्य):**

क) स्थानीय जनताको प्रत्यक्ष संलग्नतामा स्थानीय स्रोत साधनको परिचालन, सीप र प्राविधिको उपयोग एवं आय आर्जन तथ रोजगारीका अवसर सिर्जना गरी गरिवी निवारणमा सघाउ पुऱ्याउने ।

ख) सामाजिक, आर्थिक रुपमा पछाडि परेका जाति, वर्ग, क्षेत्र तथा समुदायहरुको सेवा सुविधामा पहुँच अभिवृद्धि गरी गरिबी न्यूनीकरण गर्न सहयोग र्पुयाउने ।

ग) स्थानीय स्वायत्त शासन मार्फत स्थानीय सरकारको रुपमा रहेका स्थानीय निकायहरुको क्षमता अभिवृद्धि गर्ने र स्थानीय सुशासन कायम गर्न सहयोग गर्ने ।

घ) सामाजिक परिचालनको माध्यमद्वारा महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, विपन्न वर्ग एवं पिछडिएको क्षेत्रको सशक्तिकरण गर्ने एवं विकासको मूलधारमा मूलप्रवाहिकरण गर्ने ।

ङ)	शासन संचालन सम्बन्धी निर्णय प्रक्रियाका विभिन्न चरणहरुमा सवै वर्ग, जाति, धर्म, लिङ्गको सहभागिता अभिवृद्धि गर्ने ।

च)	समुदायको सहभागिता अभिवृद्धि गरी समावेशी विकासलाई सुनिश्चत गर्ने ।

## ४)	नीति तथा रणनीतिहरु (Strategies):

क)	संघीय संरचना, समावेशी लोकतन्त्र र निक्षेपणको अवधारणा अनुरुप स्थानीय सरकारको केन्द्र तथा प्रादेशिक सरकारसंगको अन्तरसम्बन्ध एवं राजनीतिक, प्रशसानिक, न्यायिक तथा वित्तीय अधिकार र उत्तरदायित्व सुनिश्चित गर्ने ।

ख)	स्थानीय निकायको संगठनात्मक सुदृढीकरण, क्षमता अभिवृद्धि एवं मानव संसाधन विकास गरी जनताका माग र आवश्यकतालाई न्यायोचित प्राथमिकताका आधारमा सम्बोधन गर्न सक्षम स्थानीय सरकारको विकास गर्ने ।

ग)	वित्तीय स्वायत्तता र विनियोजन दक्षता अभिवृद्धिका लागि स्थानीय सरकारको वित्तीय श्रोतलाई विकेन्द्रीकरण क्षेत्रगत अवधारणा (Decentralization SWAP) अनुरुप व्यवस्थित गर्दै खर्चको विनियोजन र व्यवस्थापन कार्यमा वित्तीय अनुशासन, पादरर्शिता र प्रभावकारिता अभिवृद्धि गर्ने ।

घ)	लैङ्गिक, समतामूखी र समावेशी विकासको अवधारणा अवलम्बन गर्दै उपेक्षित र उत्पीडित वर्ग, क्षेत्र र समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार र अवसर तथा सामाजिक सुरक्षामा न्यायोचित पहुँच सुनिश्चित गर्ने ।

ङ)	भौगोलिक, सामाजिक एवं आर्थिक रुपमा पछाडि परेका

विपन्न (वर्ग, क्षेत्र, जात-जाति, लिंग र समुदायलाई समावेशीकरण र सामाजिक परिचालनका माध्यमबाट सशक्तिकरण गरी उपलव्ध स्रोत, साधान, र निर्णय प्रक्रियामा उनिहरुको पहुँच अभिवृद्धि गर्ने ।

च) स्थानीय सुशासन र सेवा प्रवाहमा स्थानीय समुदाय, नागरिक समाज, गैरसरकारी तथा निजी क्षेत्रको सहभागितामा वृद्धि गर्ने र उनिहरुलाई जिम्मेवार वनाउने ।

## ५) कार्यनीतिहरु (Working Strategies):

क) स्थानीय निकायहरुको (विभाग, जिल्ला विकास समिति, नगरपालिका) प्रगति प्रतिवेदन Web Based Reporting System (WBRS) बाट गरिनेछ ।

ख) स्थानीय निकाय सुदृढीकरण, क्षमता अभिवृद्धि एवं मानव संसाधन विकास गरी जनताका माग र आवश्यकतालाई सम्बोधन गरिनेछ ।

ग) वित्तिय स्वायत्तता र विनियोजन दक्षता अभिवृद्धिका लागि स्थानीय सरकारको वित्तीय श्रोतलाई क्षेत्रगत अवधारणा अनुरुप व्यवस्थित गर्दै खर्च व्यवस्थापन कार्यमा वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता अभिवृद्धि गरिनेछ ।

घ) लैङ्गिक समता र समावेशी विकासको अवधारणा अवलम्बन गर्दै उपेक्षित र उत्पीडित वर्ग, क्षेत्र र समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक, अधिकार र अवसरको सुनिश्चितता गरिनेछ ।

ङ) भौगोलिक, सामाजिक एवं आर्थिक रुपमा पछाडि परेका विपन्न वर्ग, क्षेत्र, जातजाति, लिङ्ग र समुदायलाई समावेशीकरण र सामाजिक परिचालनका माध्यमबाट

सशक्तिकरण गरी उपलव्ध श्रोत, साधन र निर्णय प्रक्रियामा उनिहरुको पहुँच अभिवृद्धि गरिनेछ ।

च) स्थानीय सुशासन कायम गर्न र सेवा प्रावाहमा प्रभावकारिता ल्याउन, नागरिक समाज, स्थानीय समुदाय, गैर सरकारी संस्था र निजी क्षेत्र संग सहकार्य अभिवृद्धि गरी उनिहरुलाई जिम्मेवार बनाउँदै लगिने छ ।

## ६) मन्त्रालयको कार्यक्षेत्रः

उपर्युक्त उद्देश्यहरु प्राप्त गर्नका लागि नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ अनुसार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्धारा सम्पादन गरिने कार्यहरु निम्नानुसार छन् -

१) स्थानीय स्वायत्त शासन, स्थानीय विकास, दुर्गम क्षेत्र विकास, ग्रामीण विकास एवं सामुदायिक विकास एवं स्थानीयस्तरको सडक, सिंचाई, खानेपानी, ढल निकास तथा सरसफाई सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्यांकन ।

२) विकेन्द्रीकरण र निक्षेपणसम्बन्धी नीति निर्माण, कार्यान्वयन तथा अनुगमन

३) संघीय शासन प्रणाली र राज्य पुनर्सरचना

४) समावेशी लोकतन्त्र

५) स्थानीय स्वायत्त शासन तथा स्थानीय सुशासन

६) अन्तरसरकार वित्तीय हस्तान्तरण तथा स्थानीय निकायहरुको वित्तीय व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था एवं अनुगमन र मूल्यांकन

७) विकास क्षेत्र, अंचल, जिल्ला, गाऊँ विकास समिति र नगरपालिकाहरुको सीमांकन

८) स्थानीय विकास कार्यक्रमहरुवीच समन्वय,

९) स्थानीय निकायहरुवीच समन्वय र सम्पर्क

१०) स्थानीय जनशक्ति र जनसहयोग परिचालन,

११) स्थानीय विकास सम्बद्ध अन्तराष्ट्रिय सम्मेलन तथा सम्पर्क

१२) स्थानीय स्तरका हाट, बजार, मेला,

१३) जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटनाको दर्ताको प्रशासन

१४) एकीकृत ग्रामीण विकास,

१५) स्थानीय प्रविधिको पहिचान तथा प्रवर्द्धन,

१६) स्थानीय तहका सडक (कृषि सडक समेत)

१७) गोरेटो, घोडेटो वाटो र झोलुङ्गे पुल तथा स्थानीय पुल

१८) जनजाति, आदिवासी, दलित, वादी तथ मुस्लिम विकास,

१९) स्थानीय विकास,

२०) जेष्ठ नागरिक, एकल महिला लगायतको सामाजिक सुरक्षा भत्ता ।

२१) ग्रामीण विकास तथा स्थानीय विकास सम्बन्धी क्षेत्रीय तथा अन्तराष्ट्रिय संस्था

२२) नेपाल ईन्जिनीयरिङ्ग सेवा, सिभिल ईन्जिनियरिङ्ग समूहको जनरल उपसमुहको संचालन ।

## ७) मन्त्रालयको कार्यक्षेत्रमा समावेश गर्नुपर्ने विषयहरुः

१) संघीय मामिला, स्थानीय स्वायत्त शासन (जिल्ला, नगर,

र गाँऊ), विकेन्द्रीकरण र निक्षेपण सम्बन्धी नीति निर्माण, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन,

२) संघीय शासन प्रणाली र राज्य पुनस्संरचना (प्रादेशिक सरकार र स्थानीय सरकारको स्वरुप, नामांकन, सीमांकन, अन्तरसम्बन्ध र निर्वाचन समेत) तथा राजनैतिक एवं प्रशासनिक संगठन, सेवा प्रवाह र शासकीय व्यवस्था,

३) वित्तीय संघीयता र वित्तीय विकेन्द्रीकरण (प्रादेशिक र स्थानीय सरकारहरुको कार्य जिम्मेवारी र खर्च निर्धारण, राजश्व अधिकार निर्धारण, अन्तर सरकारी वित्तीय हस्तान्तरण, सार्वजनिक ऋृण तथा वित्तीय व्यवस्थापन समेत) को नीतिगत व्यवस्था, क्षमता विकास योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन,

४) प्रादेशिक सरकारहरुवीचको सम्बन्ध, समन्वय र सम्पर्क,

५) स्थानीय सरकारहरुवीचको सम्बन्ध, समन्वय र सम्पर्क,

६) विकास क्षेत्र, प्रदेश, अंचल, जिल्ला नगर, र गाउँको सीमांकन, पुरर्सरचना तथा विवाद समाधान,

७) स्थानीय विकास (जिल्ला र गाँउ), दुर्गम क्षेत्र विकास, ग्रामीण विकास ।

८) स्थानीय विकास कार्यक्रम (जिल्ला र गाऊँ) र योजना पद्धतिको सुदृढीकरण,

९) सामजिक परिचालन, नागरिक तथा समुदायको सशक्तीकरण र सामाजिक समावेशीकरण तथा पिछडिएका वर्गको उत्थान (आदिवासी जनजाति, मधेशी, मुस्लिम,

दलित, वादी, पिछडावर्ग तथा सामाजिक एवम् आर्थिक रुपले पिछडिएका जातजाति, क्षेत्र र वर्ग समेत),

१०) स्थानीय जनशक्ति, सीप, श्रोत र जनसहयोग परिचालन, स्थानीय प्रविधिको पहिचान तथा प्रवर्द्धन,

११) प्रादेशिक र स्थानीय शासन तथा स्थानीय विकास सम्बद्ध क्षेत्रीय एवम् अन्तराष्ट्रिय संस्थासँगको सम्पर्क र अन्तराष्ट्रिय सम्मेलन सम्बन्धी,

१२) जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ताको अभिलेख व्यवस्थापन,

१३) जेष्ठ नागरिक, भिन्न क्षमता भएका व्यक्ति, एकल महिला लगायतको सामाजिक सुरक्षा व्यवस्था,

१४) स्थानीयस्तर (जिल्ला र गाऊँ) को पूर्वाधार विकास (सडक, खानेपानी, सडकपुल, झोलुङ्गे पुल, ग्रामीण वस्ती विकास र फोहोरमैला व्यवस्थापन) सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन,

१५) स्थानीय निकायको व्यवस्थापकीय परीक्षण र क्षमता विकास,

१६) स्थानीय निकाय प्रशिक्षण प्रतिष्ठान र स्वायत्त शासन सम्बद्ध अन्य संघ संस्थाहरुको सम्पर्क र समन्वय,

१७) ग्रामीण खानेपानी तथा सरसफाई विकास कोष समिति,

१८) स्थानीय निकाय वित्तीय आयोगको सम्पर्क र समन्वय,

१९) स्थानीय निकायका संघ महासंघहरुसंगको सम्पर्क,

२०) प्रादेशिक तथा स्थानीय सरकारका कर्मचारीहरुको सेवा, शर्त, नीति, सिद्धान्त र परामर्श सम्बन्धी विषय,

२१) नेपाल ईन्जिनियरिङ्ग सेवा, सिभिल ईन्जिनियरिङ्ग समूहको

जनरल उपसमूहको संचालन,

२२) स्थानीय निकायसंग सम्बद्ध स्थानीय आर्थिक विकाससंग सम्बन्धी कार्यहरु,

२३) वारुणयन्त्र संचालनमा स्थानीय निकायहरुलाई सहयोग गर्ने कार्यहरु,

२४) स्थानीय निकायहरुसंगको समन्वयमा विपद् न्यूनिकरणसंग सम्बन्धि कार्यहरु,

२५) स्थानीय निकायको संख्या, स्वरुप र विस्तार सम्बन्धी कार्यहरु,

२६) सामुदायिक मेलमिलाप सम्बन्धी कार्यहरु,

२७) स्थानीय निकाय संग सम्बन्धित भू(उपयोग योजना कार्यान्वयन सम्बन्धि विषयहरु,

२८) स्थानीय सार्वजनिक निजी साझेदारी सम्बन्धी कार्यहरु,

२९) बालमैत्री शहर सम्बन्धी कार्यहरु ।

## ८) प्रमुख उपलव्धिहरुः

- यस मन्त्रालयको सिफारिसमा नेपाल सरकारबाट ६१ वटा नयाँ नगरपालिकाको गठन र संचालन भएको ।
- वातावरण मैत्री स्थानीय शासन प्रारुप (ELG Frame Work) २०७० तर्जुमा प्रभावकारी भै कार्यान्वयनमा रहेको ।
- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटनाको अनलाइन दर्ता सफ्टवेयर तयार भै कार्यान्वयनको चरणमा रहेको ।
- सामाजिक सुरक्षा भत्ता वितरण शाखा रहित बैंकिङ्ग प्रणालीबाट ३ जिल्लामा शुरूभएको ।
- बारुणयन्त्र विभाग खोल्न अध्ययन प्रतिवेदन तयार भएको

## प्रमुख कार्यक्रमहरुले समेटेको क्षेत्र

| क्र.स | कार्यक्रम | समेट्ने जिल्ला | कैफियत |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक, अशक्त, अपाङ्ग, लोपोन्मुख जाति | ७५ | |
| २ | नेपाल खाद्य संकट सम्बोधन कार्यक्रम | ७५ | |
| ३ | जिल्ला विकास समिति अनुदान | ७५ | |
| ४ | नगरपालिका अनुदान | १९१ | |
| ५ | गाऊ विकास समिति अनुदान | ३२७६ गा.वि.स. | |
| ६ | ग्रामीण खानेपानी तथा सरसफाई आयोजना | ७५ | |
| ७ | ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना आयोजना (RVWRMP) | दार्चुला, वैतडी, डडेलधुरा, डोटी, अछाम, दैलेख, हुम्ला, कैलाली, बझाङ्ग, वाजुरा | |
| ८ | ग्रामीण पुन निर्माण तथा पुनस्थापना कार्यक्रम (RRRSDP) | इलाम, पाचँथर, झापा, मोरङ्ग, सुनसरी, दोलखा, काठमाडौ, धनकुटा, चितवन, सिन्धुली, ललितपुर, भक्तपुर, पर्वत, सिन्धुपाल्चोक, काभ्रे, मनाङ्ग, रुकुम, रोल्पा, डडेल्धुरा | |
| ९ | स्थानीय यातायात पूर्वाधार विकास कार्यक्रम (RTISWAP) | ७५ | |
| १० | झो.पु. क्षेत्र विकास कार्यक्रम | १५ | |
| ११ | ग्रामीण पहुच कार्यक्रम RAP 3 (तेस्रो चरण) | अछाम, वाजुरा, डोटी, दैलेख, हुम्ला, जुम्ला, कालीकोट, मुगु, झापा, मोरंग, संखुवासभा, सिन्धुपाल्चोक, पर्वत, डडेलधुरा | |

| | | | |
|---|---|---|---|
| १२ | जिल्ला सडक सहयोग कार्यक्रम (DRSP) | | |
| १३ | ग्रामीण पहुच सुधार तथा विकेन्द्रीकृत (RAIDP) | ३० | |
| १४ | विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन आयोजना (DRILP) | १८ | |
| १५ | स्थानीय विकास शुल्क | ५८ न.पा | |
| १६ | स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) | ७५ | |
| १७ | पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम (RWSSPWN) | तनहुँ, पर्वत, वाग्लुङ्ग, म्याग्दी, नवलपरासी, कपिलवस्तु, रुपन्देही, स्याङ्जा, प्युठान, मुस्ताङ्ग, गुल्मी, अर्घाखाची, रोल्पा | |
| १८ | स्थानीय अग्रसरतालाई नयाँ ज्ञान र सिप, संग जोड्ने, कार्यक्रम (L-Link) | ४ | |
| १९ | जीवनस्तर सुधारका लागि स्थानीय पूर्वाधार कार्यक्रम (LILI) | ८ | |
| २० | स्थानीय स्तरका सडक पुल तथा ग्रामीण पहुँच सुधार कार्यक्रम, LRBP र CAIP | ७५ | |
| २१ | सामुदायिक सिचाई आयोजना (CIP) | ९ | |
| २२ | साना सिचाई नदी नियन्त्रण तथा अन्य पूर्वाधार विकास कार्यक्रम | ७५ | |
| २३ | सुनौला हजार दिन | १५ जिल्ला | |

| | | | |
|---|---|---|---|
| २४ | पञ्जिकरण व्यवस्थापन कार्यक्रम | ७५ जिल्ला | |
| २५ | सामाजिक सुरक्षा कार्यक्रम | ७५ जिल्ला | |
| २६ | वातावरण मैत्री स्थानीय शासन (EFLG) | १२ जिल्ला ६० गा.वि.स र ३३ वटा नगरपालिकाहरु | |
| २७ | उन्नति समावेशी | | |
| २८ | कर्णाली रोजगार | | |

## ९) आ.व. २०७१र०७२ को प्रमुख क्षेत्रगत उपलब्धिहरु

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले आ.व. २०७१र०७२ मा नयाँ ट्र्याक खोल्ने कार्य लक्ष्यको तुलनामा दोब्बर भन्दा बढी भएको छ । त्यस्तै सडक पुल पक्की सडक निर्माण सडक ग्राभेलका कार्यहरु पनि लक्ष्य भन्दा बढी भएको देखिन्छ भने सडक कालो पत्र गर्ने कार्य लक्ष्य प्रापित गर्न अझै बाँकी छ । झोलुङ्गे पुल र विद्यालय भवन निर्माण पनि तोकिएको लक्ष्य भन्दा बढि प्रगति हासिल भएकोछ । उपलब्धिको विस्तृत विवरण निम्नानुसार रहेको छ ।

- नयाँ थप ६१ नगरपालिकाहरु गठन भएको ।
- स्थानीय राजश्व प्रशासन सम्बन्धी नियमावली तयारी चरणमा रहेको ।
- स्थानीय भू-उपयोग योजनाको कार्यविधि तयारीको चरणमा रहेको

# भौतिक उपलव्धी

| क्षेत्र | कृयाकलाप | इकाई | वार्षिक परिमाण | आ.व. २०७१र ७२ को उपलव्धी परिणाम |
|---|---|---|---|---|
| सडक | सडक पुल | वटा | ४२७ | १६८ |
| | आकाशे पुल | वटा | २ | १ |
| | नयाँ ट्र्याक खोल्ने | कि.मि | १९०० | १८८३ |
| | सडक कालोपत्रे | कि.मि | ३००० | २७१८ |
| | सडक ढल | कि.मि | २५०० | २४०९५ |
| सिंचाई | नहर मर्मत | मिटर | ३४२५ | ३४७४ |
| | सिंचाई पोखरी निर्माण | घन मिटर | २२५०६ | १८१६६ |
| | कुलो सर्वेक्षण | गोटा | ६८ | ५७ |
| खानेपानी | खानेपानी योजना | वटा | ४३११ | २५६३ |
| | नयाँ ट्युवेलरवेरिङ्ग | गोटा | २४३३ | १७५२ |
| | खानेपानी मेन लाईन विस्तार | कि.मि | २४३३ | १७५२ |
| | घरायसी शौचालय | वटा | १८९३० | ९२४४ |
| | खुला दिशामुक्त कार्यक्रम | पटक | २९५ | २५५ |
| आवस र भवन | बाल विकास केन्द्र | वटा | ८८ | ९६ |
| | गा.वि.स. भवन | वटा | ५० | ३३ |
| | वृद्धाश्रम निर्माण | वटा | ५६ | ४७ |
| | स्वास्थ्य उपस्वास्थ्य चौकी | वटा | ११ | ९ |

## सामाजिक विकासमा भएका उपलब्धिहरु

समाजमा जेष्ठ नागरिक, एकल महिला, दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति एवं अशक्त अपाङ्गता भएका नागरिकहरुको सामाजिक सुरक्षा सम्बन्धी व्यवस्थालाई सुनिश्चित गर्न तथा सहज जीवन यापनाका लागि सहयोग पुर्याउने लक्ष्य लिई सामाजिक विकासका कार्यक्रमहरु संचालन भएका छन् ।

## पञ्जिकरण कार्यक्रम

आ.व. २०७१र७२ मा  कुल ३ लाख ६४ हजार ६ सय ४५ जन्म दर्ता भएको छ जुन गत वर्ष १० लाख २९ हजार ६ सय ८१ रहेको थियो । सामान्यतया जन्म दर्ता भन्दा मृत्यु दर्ता कम हुने भएतापनि विगताका वर्षहरु देखिनै जन्म दर्ताको तुलनामा मृत्यु दर्ता निकै नै कम देखिन्छ । चालु आर्थिक वर्षमा कुल ५१ हजार ४ सय ५७ मृत्यु दर्ता भएकोमा गत वर्षको पुर्ण अवधीमा यो संख्या १ लाख २१ हजार ८ सय ४९ रहेको थियो । यसबाट मृत्यु दर्ता गर्ने परिपाटी देशभित्र पूर्णरुपमा व्यवस्थित भएको देखिँदैन ।

### व्यक्तिगत घटना दर्ता

| क्र.सं. | व्यक्तिगत घटना | विवरण | वि.सं. २०६८ | वि.सं. २०६९ | वि.सं. २०७० | वि.सं. २०७१/७२* |
|---|---|---|---|---|---|---|
| १. | जन्म दर्ता | महिला | २५८०८९ | ३८५५३६ | ४८८८०२ | १७२६२७ |
| | | पुरुष | २९७८५७ | ४२९४८५ | ५४०८७९ | १९२०१८ |
| | | जम्मा | ५५९४४० | ८२२४२९ | १०२९६८१ | ३६४६४५ |
| २ | मृत्यु दर्ता | महिला | ३४०९७ | ४३०४५ | ४८२७० | १७३९४ |
| | | पुरुष | ८५३९६ | ३९८२३ | ७४०८७ | ३४०६३ |
| | | जम्मा | १२०३९४ | ११३३६८ | १२१८४९ | ८४१५६ |
| ३ | विवाह दर्ता | | १७८१९६ | २०८२११ | १३७३१६ | ८४१५६ |
| ४ | सम्बन्ध विच्छेद दर्ता | | ४०७ | ५५७ | ११०४ | ४३८ |
| ५ | बसाइ सराई दर्ता | | ९०५५८ | ८१९४६ | ९४६१३ | ५२९६७ |
| ६ | बसाइ सरी गएको संख्या | | १५२८१२ | १३४७९९ | १४१८७१ | ८२६८८ |
| | बसइ सरी आएको संख्या | | १७१५६० | १५८९०१ | १६७०३४ | ११३६०५ |
| | बसाई सराई गर्ने जम्मा संख्या | | ३२४८८९ | २९६२५१ | ३०८९८१ | १९६१७० |

स्रोत: केन्द्रीय पन्जीकरण विभाग २०७२

## जन्म तथा मृत्यु दर्ता




## सामाजिक सुरक्षा

आ.व. २०७१ र ७२ मा जेष्ठ नागरिक ९ लाख ५१ हजार ४ सय १९ जना, विधवा तथा ६० वर्ष माथिका एकल महिला ६ लाख ४८ हजार ५ सय ५३ जना, लोपोन्मुख आदिवासी जनजाति २० हजार ३ सय ८ जना, पूर्ण अशक्त अपांग २७ हजार २ सय ३ जना, आंशिक अशक्त अपांग ६ हजार ३ सय ७५ र कर्णाली अञ्चल तथा दलित परिवारका ५ वर्ष मुनिका विपन्न दलित परिवारका तथा कर्णाली अञ्चलका बालबालिका ५ लाख ६ हजार ७ सय १८ जना समेत जम्मा २१ लाख ६० हजार ५ सय ७६ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् । गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने संख्यामा १२ हजार १९ ले कमी आएको छ ।

# सामाजिक सुरक्षा भत्ता वितरण

| लक्षित समूह | मासिक दर (रु) | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०६९/०७० | २०७०/०७१ | २०७१/०७२* |
| जेष्ठ नागरिक | ५०० | ६६३६९३ | ६५५७३७ | ६८८९३० |
| जेष्ठ नागरिक (दलित) | ५०० | १७०८२५ | २४४६४६ | २३४६३४ |
| जेष्ठ नागरिक (कर्णाली) | ५०० | २९६२६ | २८७९७ | २७८५५ |
| ६० वर्ष माथिका एकल महिला | ५०० | ३६१३५० | ३४११०६ | २३१३५२ |
| ६० वर्ष मुनिका एकल महिला (विधवा) | ५०० | २१९९३३ | ३१३६१३ | ४१७२०१ |
| पूर्ण अपाङ्गता भएका व्यक्ति | १००० | २२१३८ | २५४९२ | २७२०३ |
| आंशिक अपाङ्गता भएका व्यक्ति | ३०० | ६७७४ | ६८६३ | ६३७५ |
| लोपोन्मुख आदिवासी/जनजाति | १००० | १८८२५ | १९२२३ | २०३०८ |
| बालबालिका | २०० | ५५१९१६ | ५३७११८ | ५०६७१८ |
| कूल जम्मा | | २०४५०८० | २१७२५९५ | २१६०५७६ |

चालु आर्थिक वर्ष देख अति अशक्तताको परिचय पत्र (निलो कार्ड) प्राप्त गरेका ‘ख’ वर्गका अपांगता भएका नागरिकहरुलाई मासिक रु ३ सय र ७० वर्ष उमेर पूरा गरेका जेष्ठ नागरिकहरुलाई उपचार खर्च वापत वार्षिक रु २ हजार प्रदान गर्ने कार्य प्रारम्भ गरिएको छ। यो व्यवस्थाबाट ७० वर्ष नाघेको तथा अति अशक्तताको परिचयपत्र प्राप्त गरेका नागरिकहरु लाभान्वित भएका छन् ।

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना व्यवस्थापन सूचना प्रणाली (MIS) मा १२ जिल्लाका भत्ता पाउने लाभग्राहीहरुको विवरण प्रविष्टि गरी सोही प्रणालीबाट प्राप्त तथ्यांक अनुसार अख्तियारी पठाउने कार्य प्रारम्भ गरिएको छ। यस प्रणालीले लाभग्राहीको विवरण यथार्थपरक बनाउन सहयोग पुगेको छ। परम्परागत पद्धति भन्दा यस पद्धतिको प्रयोगबाट यथार्थपरक बजेट विनियोजन गर्न र अख्तियारी पठाउन सहयोग पुगेको छ। साथै सो सम्बन्धी अतिरिक्त व्ययभार घटेको छ।

## १०) अनुभूत गरिएका प्रमुख समस्या र चुनौतीहरु

### क) समस्याहरु र चुनौतीहरु

१. वि.सं.२०५९ साल देखि स्थानीय निकाय जनप्रतिनिधि विहिन हुँदा स्थानीय शासनको अभ्यासमा वाधा पुग्नुको साथै नागरिक प्रतिको जवाफदेहिता कमजोर हुंदै गएको ।

२. स्थानीय स्वायत्त शासन ऐन, २०५५ संग बाझिएका ऐन संशोधनरपरिमार्जन हुन नसक्दा स्थानीय निकायका कर्मचारीको सरुवा, लेखापरीक्षण, स्थानीय सेवा प्रवाह आदि कार्यान्वयनमा अवरोध सिर्जना भएको ।

३. वजेटको अनिश्चितता र अपर्याप्तताको कारण प्रारम्भ गरिएको योजनाको निरन्तरता र समयमा सम्पन्न गर्न ढिलाई भएको ।

४. स्थानीय निकायहरुमा उपलब्ध साधन र कार्यबोझका आधारमा दक्ष र प्राविधिक जनशक्तिको अभाव भएकोले स्थानीय निकायको कार्यक्षमता कमजोर रहेको ।

५. स्थानीय निकायहरुमा स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ५५ को प्रावधान अनुसार प्रशासनिक खर्चको सीमा नसकेको ।

६. सार्वजनिक जग्गाको अतिक्रमण तीव्ररुपमा बढेकोले सार्वजनिक जग्गाको लगत राखी सोको संरक्षण गर्नु ।

७. स्थानीय सेवा ऐनको तर्जुमा तथा सोलाई कार्यान्वयनमा ल्याइ स्थानीय सेवालाई व्यवसायिक बनाउनु ।

८. स्थानीय निकाय वित्तीय आयोगलाई राष्ट्रिय वित्तीय आयोगको रुपमा रुपान्तरण गर्नु।

९. नयाँ नगरपालिकाहरुमा स्थानीय आर्थिक विकास, स्थानीय आर्थिक पूर्वाधार र भवन आचार संहिता कार्यान्वयन गर्नु ।
१०. नयाँ नगरपालिकाहरुलाई सक्षम निकायको रुपमा रुपान्तरण गर्नु ।
११. स्थानीय निकायहरुमा E-governance लाई संस्थागत गर्नु ।
१२. गा.वि.स.हरुको पुनर्संरचना गरी सक्षम ईकाईका रुपमा रुपान्तरण गर्नु।
१३. गा.वि.स तथा नगरपालिकाको राजश्व परिचालन क्षमता बृद्धि गर्नु
१४. सामाजिक परिचालन कार्यक्रमलाई आर्थिक(सामाजिक परिचालनका रुपमा रुपान्तरण गरी उद्यमशीलताको विकास गर्नु ।
१५. विपद् व्यवस्थापनका क्षेत्रमा गृह र सहरी विकास मन्त्रालयसंग सहकार्य गरी SWAP अवधारणा लागू गर्नु ।

## ११) समाधानका लागि चालिनु पर्ने कदमहरुः

१. उपयुक्त मितिमा स्थानीय निकायको निर्वाचन वा उपयुक्त संयन्त्र निर्माण गर्नु पर्ने वा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार गठित एकीकृत योजना तर्जुमा समितिलाई जिम्मेवार बनाउनु पर्ने ।

२. बाझिएका ऐन र नियमको सूचीकरण गर्न र विषयवस्तु तयार गर्ने सम्बन्धमा विद्यमान अवस्थालाई मध्यनजर राखि स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा आवश्यक संशोधन प्रकृया प्रारम्भ गर्नु पर्ने ।

३. स्थानीय स्तरमा आन्तरिक श्रोत संकलन एवं केन्द्रीय स्तरमा गत र विगत आर्थिक वर्षमा प्रारम्भ गरिएका योजनाहरुको निरन्तरतालाई सहयोग पुग्ने गरी समयमै वजेट निकासा गर्ने व्यवस्था मिलाउनु पर्ने।

४. स्थानीय तहमा दक्ष र प्राविधिक जनशक्तिको व्यवस्थापन गर्न जिल्ला प्राविधिक कार्यालयको पुनस् संरचना गर्नुका साथै नगरपालिकामा प्राविधिक जनशक्तिको पर्याप्त व्यवस्था गर्न र क्षमता विकास समेत गर्नु पर्ने ।

५. स्थानीय निकायको आन्तरिक आयको प्रक्षेपण गरी कार्य योजना सहित आन्तरिक श्रोत परिचालनमा जोड दिनुपर्ने । प्रचलित नियम तथा कानूनका प्रावधानलाई व्यवहारिक हुने गरी पूनरावलोकन गर्नुपर्ने ।

६. स्थानीय स्वायत्त शासन ऐनका आधारमा स्थानीय निकायको आन्तरिक आय प्रक्षेपण, संकलन र कार्ययोजना अनुसार व्यवस्थापन गर्न जोड दिई अन्य कानूनहरु समेत नबाभ्ने गरी परिमार्जन गर्नुपर्ने ( जस्तै वन ऐन, सडक ऐन, स्थानीय प्रशासन ऐन आदि )

७. प्रत्येक मन्त्रालय र कार्यालयको सेवा प्रवाहको आधार एवं अन्तिम विन्दु गा.वि.स. एवं नगरपालिकामा कार्यवोभ्फका आधारमा क्षमता बढाउनु पर्ने ।

८. स्थानीय निकायहरुमा कार्यसम्पादनमा आधारित प्रोत्साहन र पारिश्रमिक प्रणाली लागू गर्नुपर्ने ।

९. सशर्त अनुदानलाई समेत न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा आवद्ध गर्नुपर्ने ।

१०. स्थानीय सेवा आयोग गठन गरी सो मार्फत स्थानीय निकायका कर्मचारीहरुको नियुक्ती सरुवा वढुवा लगायतका कर्मचारी प्रशासन संग सम्वन्धित कार्य गर्नुपर्ने ।

## १२) कार्यक्षेत्रसँग सम्बद्ध Thematic Area को अनुसन्धानको विवरण

१) राज्य पूनर्सरचनाको सन्दर्भमा स्थानीय सरकारको भूमिका र स्वरुप सम्बन्धी अध्ययन ।

२) Study in Revenue Sharing Mechanism

३) Study in update cost index and existing grant allocation formula

४) MCPM Review and impact study

५) Grant Allocation Formula for National Grant

## १३) मन्त्रालयको भावी कार्यदिशा

१) संघीय प्रणालीमा प्रवेश गरेपछिको संक्रमणकालीन व्यवस्थापन ।

२) प्रान्तीय सरकारको स्थापना र व्यवस्थापन ।

३) संघीय प्रणालीमा स्थानीय सरकारको कार्यक्षेत्र, स्वरुप, वर्गीकरण तथा स्रोत साधन एवं अधिकारको बाँडफाँड ।

४) हाल निर्मित ग्रामीण पूर्वाधार (सडक) को संख्यात्मकता तथा गुणात्मकतामा वृद्दि गरी सो को दीगो व्यवस्थापन ।

५) सेवा प्रवाहको आवश्यकता र दक्षताका आधारमा सेवा केन्द्रमा कर्मचारीको व्यवस्थापन गर्ने विषय ।

६) संघीय प्रणालीको कार्यान्वयनको क्रममा प्रादेशिक सरकार बीचको समन्वय र स्थानीय सरकारवीचको समन्वय कायम गर्ने विषय ।